# अर्जुनधारा नगरपालिकाको राहत तथा आर्थिक सहायता वितरणलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०६/१०

प्रथम संशोधनः मिति २०८२/१०/१८

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को बुँदा नं झ, त, न मा उल्लेख भएका स्थानीय तहका अधिकार तथा काम कर्तव्यको कार्यान्यवनको शिलशिलामा नगरपालिकाबाट उपलब्ध गराइने राहत वितरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी अर्जुनधारा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "राहत तथा आर्थिक सहायता वितरण कार्यविधि, २०७९" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "उप प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्दछ ।

(२) "कार्यपालिका" भन्नाले अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(३) " प्रमुख " भन्नाले अर्जुनधारा नगर कार्यपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(४) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(५) " वडा कार्यालय " भन्नाले अर्जुनधारा नगरपालिकाका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

(६) " समिति " भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

३. **आर्थिक सहायता उपलब्ध गराइनेः** (१) नगरपालिकाले देहाय बमोजिम कार्यक्रमबाट लाभग्राही पहिचान गरी राहत तथा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछः,

(१) अति विपन्न नागरिक औषधोपचार सहयोग[1]

(२) हिंसा पिडित तथा बेचविखनमा परेका महिला

(३) आर्थिक रुपले विपन्न र पिडित बालबालिका

(४) ज्येष्ठ नागरिकहरु

(५) पूर्ण तथा अति अशक्त अपांग व्यक्तिहरु

(६) विपद् व्यवस्थापन सहायता

(७) मृत्यु संस्कार सहायता

४. **बजेट सम्बन्धि व्यवस्थाः** यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायताका लागि प्रत्येक वर्ष नगर सभाले प्रकोप व्यवस्थापन, सामाजिक सेवा अनुदान लगायतका शीर्षकमा आवश्यकता अनुसार रकम विनियोजन गरे बमोजिम हुनेछ ।

*१ पहिलो संशोधनद्वारा थप तथा संशोधन*

५. **आर्थिक सहायता तथा राहत वितरणको मापदण्डः** दफा ३ बमोजिमको अवस्थामा देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछः

(१) अति विपन्न नागरिक औषधोपचार सहयोगः अति विपन्न नागरिक औषधोपचार सहयोगः कडा तथा जटिल रोग लागी औषधोपचार गर्न ठुलो रकम लाग्ने अवस्था भएमा वडा कार्यालयबाट वार्षिक रु २ लाख भन्दा कम आम्दानी भएको भनी सिफारिस भएका रोगीहरुको उपचारका लागि अधिकतम रु ५० हजारमा नबढ्ने गरी औषधोपचार सहयोग उपलब्ध गराउन सकिनेछ । यस्तो सहायता प्राप्त गर्ने व्यक्तिले आफ्नो वार्षिक आम्दानी रु २ लाख भन्दा कम रहेको स्वघोषणा गर्नुपर्नेछ र यस्तो घोषणा अन्य कुनै प्रयोजनका लागि वार्षिक आम्दानी प्रमाणित गर्दा समेत मान्य हुनेछ।[१]

(२) हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कार्वाहीको क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक समितिले पीडितलाई पुनस्थापनाको लागि नगर प्रमुख समक्ष सहायताको सिफारिस गर्न सक्नेछ । सिफारिस बमोजिम त्यस्ता व्यक्तिलाई नगरप्रमुखले अधिकतम रु.५०००/- (पाँच हजार मात्र) सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

(३) आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायताः- आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.भी.आई. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी आश्रय तथा पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं सिफारिस बमोजिम आर्थिक सहायता समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार संरक्षण गर्ने संस्थाहरुलाइ आर्थिक सहायता दिई निजहरुलाइ आश्रय र पालनपोषणको लागि न्युनतम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(४) ज्येष्ठ नागरिकलाई सम्मान तथा सहायताः अन्य सुविधासँग दोहोरो नपर्ने गरि विपन्न वर्गका जेष्ठ नागरिकहरुलाइ सम्मान तथा सहायता गर्ने उद्देश्यका लागि वडा

*१ पहिलो संशोधनद्वारा थप तथा संशोधन*

समितिको सिफारिसमा समितिको निर्णयअनुसार सुरक्षा सहायता सामाग्री (दैनिक जिवनमा सहजिकरण गर्ने उपकरण आदि) सहयोग गर्न सक्नेछ ।

(५) अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायताः क. आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको सहायताको लागि सम्बन्धित वडा समितिको निर्णय सहितको सिफारिसमा समितिले निर्णय गरी आधारभुत सहायता सामाग्री उपलब्ध गराउन सक्नेछ।

ख. बुँदा नं क बमोजिम आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनी प्रमाणित कागजात, नगरपालिकाबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र एवं सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र सहितको आवश्यक कागजातहरु संलग्न गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

६. **विपद् व्यवस्थापन सहायताः क.** जङ्गली जनावरको आक्रमण, आगालागी, चटयाङ्ग एवं बाढी लगायतका प्रकोपबाट क्षतिको स्थलगत अनुगमन एवं वडा कार्यालयको सिफारिस बमोजिम देहाय बमोजिम राहत उपलब्ध गराउइनेछ ।

| ७. सि.नं. | क्षतिको विवरण | राहत रकम(रु) |
|---|---|---|
| बालीनालीमा क्षति भएमा | | |
| १ | २० हजार भन्दा कम | ५ हजार |
| २ | २० हजार देखि ३० हजार सम्म | ७ हजार |
| ३ | ३० हजार भन्दा बढी | १० हजार |
| घरटहरामा क्षति भएमा | | |
| १ | २० हजार सम्म | ५ हजार |
| २ | २० हजारदेखि ५० हजार सम्म | १० हजार |
| ३ | ५० हजारदेखि ७५ हजारसम्म | १५ हजार |
| ४ | ७५ हजारदेखि १ लाख सम्म | २० हजार |
| ५ | १ लाख भन्दा बढी | २५ हजार |

माथि उल्लेखित प्रकोपबाट मृत्यु भएमा रु ५० हजार/-

८. **मृत्यु संस्कार सहायताः** क. अति विपन्न परिवार भनी प्रमाणित भएको व्यक्ति, गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेको विपन्न ज्येष्ठ नागरिकको परिवारले मृत्यु संस्कारको लागि आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित वडा कार्यालयको सिफारिस सहित नगरपलिका मा निवेदन दिन सक्नेछन र आवश्यकता अनुसार स्थलगत निरिक्षण गरी समितिको निर्णयानुसार रु दश हजारसम्म[1] मृत्यु संस्कार अर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

*१ पहिलो संशोधनद्वारा थप तथा संशोधन*

ख. बेवारिसे लास फेला परेमा निजको पोष्टमार्टम, सदगत लगायतका व्यवस्थापन गर्न प्रहरी सर्जमिन मुचुल्का कागजात सहित वडा कार्यालयको सिफारिसका आधारमा एकमुष्ट रुपमा रकम रु १० हजार सम्म व्यवस्थापन खर्च गर्न सकिनेछ ।

९. **समितिको गठन सम्बन्धी व्यवस्था:** (१) आर्थिक सहायतालाई व्यवस्थित गर्न देहाय बमोजिमको एक समिति रहनेछः

(क) प्रमुख संयोजक

(ख) उप प्रमुख सदस्य

(ग) नगर प्रमुखले तोकेको कम्तिमा १ महिला सहित २ जना कार्यपालिका सदस्य सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य[1]

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव[1]

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा समितिले आवश्यक ठानेमा विषयसँग सम्बन्धित विषयगत समितिका संयोजक, सम्बन्धित विषयगत शाखाको प्रमुख वा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकार:** (१) दफा ५ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

क. समितिमा प्राप्त निवेदन एवं संलग्न प्रमाण जाँच गर्ने,

ख. आर्थिक सहायता रकमको निर्धारण गर्ने,

ग. आवश्यकता अनुसार प्राप्त निवेदनको सम्बन्धमा स्थलगत अवलोकन र निरीक्षण गर्ने, गराउने

घ. यस कार्यविधिमा संशोधन गर्नपर्ने भएमा कारण सहित सिफारिस गर्ने

ङ. समितिमा निहित केही अधिकार संयोजक वा सदस्यलाई प्रत्यायोजन गर्न सक्ने।

*तर, कार्यविधिमा सिमा तोकेको बाहेक २० हजार रुपैया सम्मको राहत वा आर्थिक सहयोग गर्नुपरेमा नगर प्रमुखको निर्णयानुसार हुनेछ ।सो भन्दा माथीको रकम सहयोग गर्नुपरेमा समितिको निर्णयानुसार हुनेछ ।*[1]

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **आर्थिक सहायता वितरण प्रक्रिया:** (१) यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्न देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनुपर्नेछः

क. नेपाली नागरकिता प्रमाणपत्रको छायाँप्रति,

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस,

ग. औषधोपचार गरिरहेको भए उपचार सम्बन्धि कागजात,

*1 पहिलो संशोधनद्वारा थप तथा संशोधन*

घ. प्राकृतिक तथा गैर प्राकृति विपत्तीका कारण जनधनको क्षति भएको भए प्रहरी सर्जमिन मुचुल्का, क्षतिको तस्विर एवं आवश्यकता परेमा प्राविधिक मूल्याङ्कन

(२) उपदफा (१) बमोजिम प्राप्त हुने निवेदन तथा कागजातहरुका सम्बन्धमा थप निर्णय गर्नुपरेमा सम्बन्धित विषयगगत शाखाले नगर प्रमुखसँग परामर्श गरी आर्थिक प्रशासन शाखा मार्फत समितिमा पेश गर्नुपर्नेछ ।[1]

(३) उपदफा (२) बमोजिम पेश भएका निवेदनहरुका सम्बन्धमा नगर प्रमुखज्यू वा समितिबाट भएको निर्णायनुसार कार्यालयले भुक्तानी उपलब्ध गराउनेछ ।[1]

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि कार्यविधिमा नै राहत रकम उल्लेख भएको हकमा त्यस्तो राहत रकम सिधै उपलब्ध गराउन सकिनेछ ।

**११क. विविधः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहायताका लागि सिफारिस गर्ने वडा कार्यालय तथा सम्बन्धित विषयगत शाखाले त्यस्तो सिफारिसको छुट्टै अभिलेख राखी दोहोरोपना हुन नदिने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिले सोही प्रयोजनका अन्य कुनै शीर्षकबाट थप साहयता वा राहत प्राप्त गर्ने छैन ।

१२. **प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको आर्थिक सहायता वितरणको समितिले आवधिक रुपमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१३. **खारेजी र बचाउः** (१) आर्थिक सहायता सम्बन्धि मिति २०७४/०९/०३ को कार्यपालिका बैठकको निर्णय खारेज गरिएको छ ।

(२) यस अघि नगर कार्यपालिकाले निर्णय गरी उपलब्ध गराएको आर्थिक सहायतालाई समर्थन गरिएको छ ।

*१ पहिलो संशोधनद्वारा थप तथा संशोधन*